# बजेटमा कुरा धेरै, उपलब्धि थोरै हुने खतरा

डा. जीवन अम्गाईं

कर्मचारीको तलब, वृद्धभत्ता वृद्धि र सामाजिक सुरक्षासम्बन्धी केही कार्यक्रमले २०७६।७७ को बजेटलाई निकै आकर्षक बनाएको छ । उच्च आर्थिक वृद्धि, दिगो विकास र रोजगारी सिर्जना गर्ने कुरामा बजेटको धरातल कमजोर छ । एकै वर्षमा सबैथोक गरौँ, सबैलाई बाँडौँ र चित्त बुझाऊँ भन्ने मनासयले बजेट वितरण गरिएको देखिन्छ । बजेटले धेरैभन्दा धेरै पक्षलाई समेट्ने प्रयास गरेको छ तर प्राथमिकता र विकासको दिशा किटानमा अल्झिएको छ । अघिल्लो वर्षका नीति तथा कार्यक्रमका अवस्था कस्तो र ह्यो भन्ने कुरा लेखाजोखा नगरी फेरि असङ्ख्य सानातिना टुक्रे योजना र सपनाको जालो बिछ्याइएको छ, जसले गर्दा कार्यान्वयन चरण अघिल्ला वर्षहरू जस्तै कमजोर रहने कुरामा दुई मत छैन ।

सरकारले कर्मचारीको दबाब झेल्न नसकेर बजेटमार्फत एकै चोटि १८-२० प्रतिशतको तलब वृद्धि गर्‍यो, यसले अर्थतन्त्रमा सकारात्मकभन्दा नकारात्मक असर बढी गर्नेछ । मुलुकको अर्थतन्त्रमा चौतर्फी असर पर्नेछ । तलब वृद्धिको सिद्धान्त भनेको बजार मूल्य बढेअनुसारको तलब पनि समायोजन गर्नु हो । सरकारी आँकडाले नै गत २ वर्षदेखिको मुद्रा स्फिति ( मूल्यवृद्धि) ४ प्रतिशतको हार ाहारीमा रहेको देखाउँछ । यस अनुसार हेर्दा बढीमा ५ देखि १० प्रतिशत मात्रै तलब वृद्धि गर्नुपर्ने देखिन्छ । तर एकै पटकमा यति ठूलो परिमाणमा तलब वृद्धि भयो अब यो तलब वृद्धिको कारणले बजार मा हरेक क्षेत्रमा मूल्य वृद्धि गराउँछ । रोजगार नभएका मानिसहरूको दिनचर्या झन कष्टकर बन्नेछ भने बजारमा ज्यालादर पनि बढ्न गई प्राइभेट क्षेत्रका व्यवसायहरू चर्को लागतका कारण व्यवसायबाट बाहिरिनुपर्ने अवस्था आउँछ । सरकारले निजी क्षेत्रको संरक्षण नगर्ने हो भने बजारमा बेरोजगारीको समस्या झनै विकराल बन्नेछ । सेवा र आउटपुटको हिसाबले हेर्दा सरकारी काम कारबाही नेपालमा धेरै पहिलेदेखि अलोकप्रिय छ । एउटै कामका लागि पटक पटक धाउनुपर्ने, कर्मचारीले सहजै सेवा दिन कन्जुस्याइँ गर्ने, कतिपय कार्यालयमा काम छिटो गर्न पैसा चाहिने, अफिसमा समयमा नपुग्ने, बेलुकी फर्कने बेला पनि १ घन्टाअघि नै काम बन्द गरेर घर फर्कन खोज्ने, कार्यालय समयमा सेवाग्राहीलाई सेवा दिन छोडेर गफमा व्यस्त हुने जस्ता समस्याले सरकारी सेवाप्रति आम नागरिक खुसी छैनन् ।

यद्यपि प्राइभेट सेक्टरको तुलनामा सरकारी तलबमान भने सानदार छ । त्यसैले जागिर खान चाहिँ सरकारीमै लालयित छन् । प्राइभेट सेक्टर मा कर्मचारीहरूले मिहिनेतका साथ काम गर्छन् र पनि तलब सरकारीभन्दा धेरै कम छ । आउटपुट पनि सरकारी कार्यालयको भन्दा प्राइभेट सेक्टरको नै राम्रो छ । यस्तो अवस्थामा बरु सरकारी सेवाको प्रभावकारीतामा वृद्धि गर्न ठेट कार्यक्रम आउनुपर्थ्यो । एउटा स्वतन्त्र निकाय खडा गरी त्यसले अनुगमन र क्षमता अभिवृद्धिका लागि भूमिका खेल्ने हो भने अहिलेको भन्दा दुई गुणा काम हुन्थ्यो ।

२०७६।७७ को बजेटका कतिपय योजनाहरू फितलो रूपमा प्रस्तुत भएको छ, जुन व्यावहारिक रूपमा लागू नभई उपयोगविहीन भई थन्कने छन् । अघिल्लो बजेटले व्यवस्था गर ेको डिग्री पासको सर्टिफिकेट धर ौटी राखेर बेरोजगार युवा-युवतीलाई दिने भनिएको ऋणले कतिजना लाभन्वित भए ? कति रोजगारी सिर्जना भयो ? बैङ्कहरूले साँचिकै शिक्षत युवालाई ऋण दिन सके त ? यो त फगत पपुलरिटीको लागि पेस गरिएको कर्मकाण्डी भाषणमै सीमित भयो ।
अहिलेको बजेटमा पनि अघिल्ला वर्षको बजेटमा पनि प्राविधिक शिक्षामा जोड दिने, हरेक स्थानीय तहसम्म यस्ता शिक्षालय खोल्ने, नेपाललाई अन्तराष्ट्रिय शैक्षिक केन्द्रको रूपमा विकास गर्ने भन्दै आएको छ तर काम लगभग शून्य छ । यसपालि पनि यस्ता नारा धेरै छन्, जुन सुन्नमा आनन्द आउँछ र बजेटले राम्रै कुरा ल्यायो भन्ने लाग्छ । तर समग्रमा यस्ता ससाना योजनामा पैसा मात्रै खर्च हुन्छ । काम भने टुङ्गोमा पुग्दैन । यसरी आर्थिक विकासमा कहिल्यै फड्को मार्न सकिँदैन ।

उदाहरणका लागि शिक्षा क्षेत्रको सुधारको कुरा गरौँ । अहिलेको मुख्य समस्या शैक्षिक बेरोजगारीको हो । आर्थिक रूपमा सबल हुने हो भने हामीले उच्च शिक्षामा संर चनात्मक सुधार ल्याउन जरुरी छ । उच्च शिक्षा प्रणालीलाई काम, अनुसन्धान र अन्वेशणसँग जोडेर र उत्पादित जनशक्तिलाई स्वदेशमा खपत गर्ने र अन्तर ाष्ट्रिय स्तरमा जुध्न सक्ने खालको बनाउने भन्नेतर्फ बजेटले केही कार्यक्रम ल्याउन सक्थ्यो ।
त्यो आएको छैन । सबै पुरानै ढङ्गले आएको छ । सङ्ख्यात्मक रूपमा स्कुल, भवन बढाएर, विद्यालयमा खाजाको व्यवस्था गरेर, स्वेच्छिक स्वयम सेवक परिचालन गरेर, स्कुलमा रङ्गीन पाठ्यपुस्तक चलाएर, सेनेटरी प्याडको व्यवस्था गरेर अहिलेको समस्या कति समाधान हुन्छ ? यसले त बरु पहिले जस्तै धेरै बेरोजगार जमात तयार गर्नेछ । हाम्रो जनशक्तिलाईं अन्तराष्ट्रिय

....... बाँकी ३ पेजमा ➤➤


## कटारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

फोन नं. ०३५४५०२९६
०३५४५००३९

कटारी उदयपुर
१ नं.प्रदेश नेपाल

पत्र संख्या :- ०७५/०७६

### च्याफकटर तथा मिनि टिलर खरिद सम्बन्धि सिलबन्दि दरभाउपत्र आह्वानको सुचना

प्रथम पटक प्रकाशित मिति २०७६।०२।२८ गते

यस न.पा.को कृषि शाखा अर्न्तगत चालु आ.व.२०७५।०७६को बार्षिक कार्यक्रम अनुसार कृषकहरु लाई वितरण गर्नु पर्ने तपसिल सामाग्री सिलबन्दि दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले सम्बन्धित इच्छुक एग्रोभेट,फर्म/कम्पनी,सप्लायर्सहरुबाट यो सुचना प्रकाशित मितिले १५ औं दिनको १२ बजे सम्म कार्यालय समय भित्र यस कटारी नगरपालिकाको कार्यालय,कटारी,उदयपुरमा सम्पर्क राखी निम्न शर्तहरुको अधिनमा रही सिलबन्दि दर भाउपत्र खरिद गर्न यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि. नं. | विवरण | संख्या | जम्मा मुल्य मु.अ.कर सहित |
|---|---|---|---|
| १ | च्याफ कटर (३ एच पी इलेक्ट्रिक मोटर जडित) | २६ | ९००००/- |
| २ | मिनि टिलर डिजेल इन्जिन सेल्फ र रिकोइल स्टाटर 7HP (स्वीकृत स्पेसी फकेसन अनुर) | ११ | १०००००/- |

शर्तहरु :
१. यस कार्यालयको स्वीकृत कार्यक्रममा स्वीकृत भएको सामाग्रीहरु खरिद गर्न परेकोले रु.१०००।- अक्षरेपी एक हजार रुपौया मात्र शुल्क बुझाई फर्म दर्ता,प्यान दर्ता/मु.अ.कर दर्ता उत्पादक वा अधिकारिक बिक्रेताको प्रमाणपत्र, आ.व.२०७४/०७५ सम्मको कर चुक्ता र आ.व.२०७५/०७६ सम्मको लागि फर्म नविकरण भएको प्रमाणित प्रतिलिपीहरुको साथ पेशागत कसुरमा कुनै सजाय नपाएको स्वघोषणा पत्र संलग्न राखि सिलबन्दि दरभाउपत्र फारम यस नगरपालिका बाट १५ औ दिन सम्म खरिद गर्न सकिने छ ।
२. प्रथम पटक सूचना प्रकाशित भएको मितिबाट १६औ दिनको १२ बजे दिउसो सम्म सिलबन्दि दरभाउपत्र दाखिला भैसक्नु पर्ने छ ।
३. सोहि दिनको २ बजे दिउसो यस कार्यालयमा सम्बन्धित प्रतिनिधि र सिलबन्दि दरभाउपत्र दाताको रोहवरमा सिलबन्दि दरभाउपत्र खोलिने छ ।
सिलबन्दि दरभाउपत्र दाता वा निजकोप्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दि दरभाउपत्र खोल्ने बाधा पर्ने छैन ।
४. सिलबन्दि दरभाउपत्र मा जमानत वापत आफुले कबोल गरेको रकमको २.५ प्रतिसतले हुन आउने रकम बैंक जमानत वा यस कटारी न.पा.को नाममा रा.बा.बैंक, कटारीमा रहेको धरौटी खाता नं. . २०५०३०३००७१०२ मा नगद जम्मा गरी सो को सक्कलै बैंक भौचर सिलबन्दि दरभाउपत्र साथ पेश गर्नु पर्ने छ वा कम्तिमा ९० दिन म्याद भएको जमानत पत्र (विडवण्ड) सक्कल प्रति पेश गर्नुपर्नेछ ।
५. सिलबन्दी सिलबन्दि दरभाउपत्र खरिद गर्ने,दर्ता गर्ने साथै खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछि कार्यालय खुलेको दिन सोहि समयमा गरिनेछ ।
६. सिलबन्दी बोलपत्रमा दररेट अङ्क र अक्षर दुबैमा उल्लेख गर्नु पर्नेछ । अङ्क र अक्षर फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।
७. कुनै पनी कारण जनाई वा नजनाई सिलबन्दि दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धि सम्पुर्ण अधिकार यस नगरपालिकामा निहित रहने छ ।
८. स्वीकृत सिलबन्दि दरभाउपत्र दाताले तोकिएको सामानहरुको specification बमोजिम आपुर्ति गरिइको सामान गुणस्तर युक्त भए/नभएको सम्बन्धमा यस नगरपालिकाले मान्यता प्राप्त बिषयगत विज्ञबाट जाँचबुझ गराएर मात्र स्वीकार गरिनेछ ।
९. यो सुचनामा उल्लेख भएका कुराहरु यसै सुचना बमोजिम र अन्यहरुको हकमा सिलबन्दि दरभाउपत्र सम्बन्धि कागजात सार्वजनिक खरिद ऐन,२०६३(संशोधन सहित)/ नियमावलि ,२०६४(संशोधन सहित) तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।
१०. यस सम्बन्धी विस्तृत जानकारी चाहिएमा कार्यालय समय भित्र यस नगरपालिकाको कृषि शाखामा सम्पर्क राख्न सकिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत


## आजको राशिफल

**मेषः** रोजगारीको नयाँ अवसर मिल्ने देखिन्छ ।
**वृषः** धार्मिक कार्यमा रुची बढ्ने छ ।
**मिथुनः** आफन्त तथा साथीभाईको सहयोग मिल्ने देखिन्छ ।
**कर्कटः** बैदेशिक यात्राको योग्य रहनेछ ।
**सिंहः** शरिर स्फुर्ती बढनेछ भने धार्मिक कार्यमा मन नलाग्ला ।
**कन्याः** सन्तानबाट सहयोग पाईने छ । शिक्षामा खर्च बढ्ने छ ।
**तुलाः** कुनै पनि रोगको समस्या देखिन्छ ।
**बृश्चिकः** साथीहरुसँग बिबाद हुनसक्छ ।
**धनु :** गरेको काममा खोट देखाइदिनाले काम गर्ने जागर घट्न सक्छ ।
**मकरः** व्यापारबाट अबरोध हुन सक्छ ।
**कुम्भः** स्वास्थमा सुधार आउनेछ ।
**मीनः** आफन्तजनबाट सहयोग मिल्ने छ ।